म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६९ आइतबार १४ माघ २०८० ने. सं. ११४४ पोहेलागा 28 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पालुङ जेसीजको तालिम समापन

हेटौंडा, १३ माघ/पालुङ जेसीज वर्ष २०२४ को पहिलो कार्यक्रम अन्तरगत शाखा पदाधिकारीको लागि तालिम कार्यक्रम सम्पन्न भएको छ । पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा पालुङ जेसीज वर्ष २०१९ का अध्यक्ष कुमार नेगीले प्रशिक्षण दिएका थिए । तालिममा पालुङ जेसीज वर्ष २०२४ का निर्वाचित तथा मनोनित पदाधिकारीलाई आफ्नो काम, कर्तव्य र जिम्मेवारीका बारेमा प्रशिक्षक नेगीले जानकारी गराएका छन् ।

तालिममा वर्ष २०२४ का अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, कानुनी सल्लाहकार लगायत पदाधिकारी र कार्यक्रम संयोजकको सहभागिता रहेको महासचिव बिक्रम गोपालीले बताए । पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम ढकालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष संगम कार्की, पूर्वअध्यक्षहरु सुरेन्द्रमान प्रधान, नवराज लामा, जयराम खत्रीको आतिथ्यता रहेको थियो ।

# भीमफेदी अनौपचारिक श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गराउने देशमै दोस्रो पालिका

प्रतिक्षा न्यौपाने



हेटौंडा, १३ माघ/ मकवानपुरको भीमफेदी गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने देशकै दोस्रो स्थानीय तह बनेको छ ।

शनिवार सामाजिक सुरक्षा योजना सुरुवात गर्दै गाउँपालिकाले हाल ९८ जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराएको छ । सामाजिक सुरक्षा योजनाको प्रतिनिधिसभा सभामुख देवराज घिमिरेले शुभारम्भ गरेका छन् । देशमै पहिलोपटक स्याङ्जाको फेदीगाउँ गाउँपालिकाले सामाजिक सुरक्षा कोषसँग अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउन सम्झौता गरेको थियो । गाउँपालिकाले सामाजिक सुरक्षा योजना कार्यान्वयन पनि गरिसकेकाले भीमफेदी गाउँपालिका दोस्रो बनेको हो ।

सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने भीमफेदी गाउँपालिका बागमती प्रदेशको भने पहिलो स्थानीय तह बनेको छ । भीमफेदीले कोषसँग ३० साउन २०८० मा योजना कार्यान्वयनका लागि सम्झौता गरेको थियो । सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक हकलाई सुनिश्चित गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउन सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुरुप भीमफेदी गाउँपालिकाभित्रका अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको बचत गर्ने बानीमा विकास गरी सामाजिक सुरक्षाको प्रत्याभूति गर्न, उनीहरुको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई समावेश गरेको हो ।

सामाजिक सुरक्षा योजना कार्यान्वयन भएपछि श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम १ साउन २०८० देखि अनौपचारिक क्षेत्रका श्रमिकका लागि तोकिएको मासिक १० हजार ८ सय २० ( महंगी भत्ताबाहेक) मा श्रमिकले पारि श्रमिकबाट ११ प्रतिशतमा हुन आउने रकम १ हजार १ सय ९० रुपैयाँ तथा भीमफेदी गाउँपालिकाले ९ दशमलव ३७ प्रतिशत अर्थात १ हजार १४ रुपैयाँ थप गरी २ हजार २ सय ४ रुपैया कोषमा जम्मा हुने व्यवस्था मिलाइएको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक हक प्रदान गरेकोले श्रमिकको हक संरक्षणमा गाउँपालिकाले दायित्व लिएको अध्यक्ष हिदम लामाले जानकारी दिए । गाउँपालिकाले सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि चालु आर्थिक वर्ष २०८०/८१ मा योगदानमा आधारित श्रमिक कोष बजेट शीर्षकमा १३ लाख रुपैयाँ विनियोजन गरिएको अध्यक्ष लामाले जानकारी दिए ।

सामाजिक सुरक्षा योजनामा आवद्ध भएपश्चात श्रमिकले औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धअवस्था सुरक्षा योजना जस्ता विभिन्न योजनाहरुमा सहभागी भएर सेवासुविधा लिनसक्ने गाउँपालिकाले जनाएका छन् । योजनामा आबद्ध ९८ श्रमिकमध्ये धेरैजना निर्माण क्षेत्रसँग सम्बद्ध छन् । भीमफेदी गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउन सामाजिक सुरक्षा कोषसँग सम्झौता गरी कार्यान्वयन गर्ने देशकै दोस्रो गाउँपालिका बनेको गाउँपालिका उपाध्यक्ष सञ्जिव श्रेष्ठले बताए ।

सामाजिक सुरक्षा कोष शुभारम्भ गर्दै सभामुख घिमिरेले श्रमको मूल्य र महत्व पहिचान हुन नसकेको बताएका छन् । उनले श्रमको उचित मूल्य र महत्व पहिचान गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन स्थानीय तहले दायित्वको रुपमा लिनुपर्ने बताए । घिमिरेले श्रमिकको उत्थानमा तीनै तहका सरकारको उतिकै दायित्व हुने बताए । कोषमा हालसम्म ५१ अर्ब २९ करोड रुपैयाँ संकलन भएको उनको भनाई छ । राज्यले कमजोर नागरिकलाई आर्थिक सहायता दिन र सामाजिक सुरक्षा प्रदान गर्न यो योजना ल्याइएको उल्लेख गरे ।

सभामुख घिमिरेले संघीयतालाई सही ढंगबाट प्रयोग गर्न सक्नुपर्ने बताए । घिमिरेले संघीयता नेपाल जस्तो मुलुकमा जरुरी थिएन भन्ने कुराहरु धेरै चर्चामा आइरहेकोप्रति चिन्ता व्यक्त गरेका छन् । संघीयता संस्थागत भएकै कारण भीमफेदीका अनौपचारिक श्रमिकहरु सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पाएको उनको भनाई थियो । उनले संघीयता खर्चको बोझ मात्रै भएको र संघीयताले राष्ट्रमा उन्नति गर्न सकेन भन्ने बिरोध र टिप्पणी समेत भइरहेको बताए ।

'खासगरी संघीयता नेपाल जस्तो मुलुकमा जरुरी थिएन भन्ने कुराहरु धेरै चर्चामा आइरहेका छन् । खर्चको बोझ मात्रै भएको छ र संघीयताले राष्ट्रमा उन्नति गर्न सकेन भन्ने बिरोध र टिप्पणीसँग-सँगै भइरहेको छ ।', उनले भने । सरकारले ल्याएको सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई देशभर लागू गर्न आवश्यक रहेको सभामुख घिमिरेले बताए । सभामुख घिमिरेले भीमफेदी गाउँपालिकालाई सामाजिक सुरक्षा कोष लागू गरेकोको धन्यवाद ज्ञापन गरेका छन् ।

# साहित्य संगमको ३३९ औं साहित्य सन्ध्या

साझाकुरा संवाददाता




हेटौंडा, १३ माघ/साहित्य संगम मकवानपुरको ३ सय ३९ औ साहित्य सन्ध्या मकवानपुरका दिवगंत साहित्यकार खेम बानियाँ स्मृति विशेष भएको छ । साहित्य सर्जकहरुको रचना वाचनका साथै साहित्य र जीवन बिषयक अन्तरसम्वाद आयोजना गरिएको हो ।

साहित्य संगमका पूर्वकार्यसमिति सदस्य बानियाँको स्मृति कार्यक्रम गर्दै सुरु गरिएको सन्ध्यामा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले मकवानपुरमा सुत्रकथा भित्र्याउने स्व.बाँनिया भएको बताए । नेपालमा ध्रुवचन्द्र गौतमले सूत्रकथाको सुरूवात गरे भने मकवानपुरमा सूत्रकथा भित्र्याउँदै पत्रकारिता, खेलकूद, लेखन, राजनीति बहुविधामा बानियाँ सक्रिय रहेको बताए । मकवानपुरका पहिलो गजल सर्जकका रुपमा स्व. बानियाँले लेखेको हालसम्मको अध्ययनमा देखिएको बताउँदै उनको अल्पायु मै भएको स्वार्गारोहणले मकवानपुरसहित समग्र साहित्यमा अपूरणीय क्षति भएको बताए ।

शनिबारको नियमित सन्ध्यामा बालसाहित्यकार अनुषुया खनालले रचनावाचन गरेकी थिइन् । कार्यक्रममा किशन पौडेल (लघुकथा), एसके निधन (सूत्रकथा), स्वस्तिका बानियाँ, हरि पौड्याल, केशव समर्पण र जुम्लेली स्रष्ट्रा राजबहादुर बुढाले गजल सुनाएका थिए । यसैगरी स्वस्तिका दाहाल, राजकुमार चौधरी, रामहरि चौलागाईं, बैकुण्ठ लामिछाने, सुवास सजल, राजकुमार लामिछाने, छवि अनित्य, मसान उपासकलगायतले कवितावाचन गरेका थिए ।

सन्ध्याको अर्को सत्रमा साहित्य र जीवन बिषयक अन्तर सम्वादमा साहित्यसेवी मुक्तिगोविन्द वैद्य र उमा मैनालीको सहभागिता रहेको थियो । संगमका उपाध्यक्ष सानु खनालले सहजीकरण गरेको बहसमा वैद्यले गजल मञ्च मकवानपुर द्वारा हरेक महिना हुने गजलवाचन कार्यक्रममा गजलश्री घोषणा हुने कार्यक्रम नै पहिलोपटक आफूले सुनेको साहित्यिक कार्यक्रम भएको बताए । कार्यक्रममा गजलश्री घोषणा गर्ने तर, सम्मानस्वरुप प्रमाणपत्र समेत नदिएको भन्ने सुनेपछि सहयोग गरेर कार्यक्रमको निरन्तरतामा सहयोग गरेका बैद्यले बताए ।

साहित्य संगम, मातृभूमि साहित्यिक समाज, गजल मञ्च, मुक्तक मञ्च, नवसर्जक साहित्य चौतारीलगायत साहित्यिक संस्थादेखि जेसीस कर्ममा रहँदा मलंगवामा विद्यालय सञ्चालनसम्मका कार्यमा जोडिन पाएकोमा जीवन सफल भएको बैद्यले बताए । कार्यक्रममा संगमद्वारा संचालित पुष्पलाल स्मृति पुस्तकालयलाई साहित्यकार र मेशमोहन अधिकारीले विभिन्न लेखकका पुस्तक हस्तान्तरण गरेका थिए । संगम अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षता भएको कार्यक्रममा सन्ध्यामा ऋषिराम पोखेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा हयग्रीव आचार्य, देबराज खरेल, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्य, शान्ति प्रीयवन्दना लगायतको उपस्थिति थियो ।




## साइक्लिङ संघमा पुन: श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ मकवानपुर जिल्ला साइक्लिङ संघको अध्यक्षमा पुन: संगीत श्रेष्ठ चयन भएका छन् । शनिबार हेटौंडामा भएको संघको दोस्रो साधारणसभाबाट श्रेष्ठको अध्यक्षतामा नयाँ समिति बनेको हो ।

समितिको कार्यकाल ४ वर्षे हुनेछ । संघको उपाध्यक्षमा राजीव खड्गी, सचिवमा राजु पौडेल, कोषाध्यक्षमा रुपकराज मानन्धर चयन भएका छन् । यसैगरी सदस्यमा चन्द्रकुमार मानन्धर, विकास ताम्राकार र राजकुमार मिश्र रहेका छन् । संघको पहिलो बैठकबाट दुइजना सदस्य पदमा पछि मनोनित गर्ने अध्यक्ष श्रेष्ठले बताए ।

जीवन तिमल्सिनाको संयोजक रहेको सूर्य थापा र रमेश बहादुर थापाको निर्वाचन मण्डलले नयाँ समिति चयनको लागि सहजीकरण गरेको संघले जनाएको छ । श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीको प्रमुख आतिथ्यता रहेको थियो । संघमा ४६ जना सदस्य आबद्ध भएता पनि शनिबार भएको साधारणसभामा ३९ जना सदस्यको उपस्थिति थियो ।

# बागमती प्रदेश ६ विकेटले विजयी

साझाकुरा संवाददाता



हेटौंडा, १३ माघ/ प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय प्रतियोगितामा बागमती प्रदेशले लुम्बिनीलाई ६ विकेटले पराजित गरेको छ । लुम्बिनी प्रदेशले दिएको १०७ रनको सामान्य लक्ष्य बागमतीले १७.२ ओभरमा चार विकेट गुमाएर पूरा गरेको हो ।

बागमतीका लागि इशान पाण्डेले ५० रन, कप्तान रित गौतमले २४, आशुतोश घिरैयाले १४, रविन जोशीले ७ र रन बनाए भने १२ रन अतिरिक्त पायो । लुम्बिनीका निर्मल गुरुङले २, कृष्ण कार्की र अभिषेक गौतमले एक/एक विकेट लिए । यसअघि कीर्तिपुरको मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले ३२.२ ओभरमा अलआउट हुँदै १०६ रनमात्रै बनाएको थियो ।

लुम्बिनीका लागि कप्तान सुशान्त थापाले २८, निर्मल गुरुङले २७, प्रज्वल थापाले १४, विराट भण्डारीले १३, रन बनाए । अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन् । लुम्बिनीलाई सस्तैमा समेट्ने क्रममा बागमतीका सूर्य तामाङ एक्लैले ६ विकेट लिए भने विपिन आचार्यले २ तथा प्रतिज जिसी र क्रिजन गुरुङले एक/एक विकेट लिए ।

यो जितसँगै बागमतीले सबै ९ खेल खेलेर बागमतीले १२ अंक जोडेर दोस्रो स्थानमा छ । नेपाल प्रहरी क्लबको पनि १२ अंक छ । तर, रनरेटका आधारमा पहिलो स्थानमै कायम छ । ६ खेलबाट २ अंक जोडेको लुम्बिनी नवौं स्थानमा रहेको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# अधुरा योजनामा मुख्यमन्त्रीको निर्देशन

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशभित्रका अधुरा योजनालाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका छन् । त्यसो प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि आगामी आर्थिक वर्षमा अधुरा योजनालाई पूरा गर्नेगरी बजेट तर्जुमा गर्ने बताएका छन् । सरकारको कुरामा कति बिश्वस्त हुने भन्ने बिषय सोचनीय छ । संघीय होस् वा प्रदेशको होस् सरकाले गरेको ब्यवहार र भनाइमा तालमेल मिलिरहेको छैन । बोलि र ब्यवहारमा तारतम्य नमिल्दा सर्वसाधारणले बिश्वास गर्नसक्ने वातावरण बनिरहेको छैन । प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले बिहीबार आयोजना गरेको अर्धवार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै बहुवर्षीय प्रादेशिक अधुरा योजना तत्काल पूरा गर्नतर्फ मुख्यमन्त्री जम्कट्टेलले निर्देशन दिएका हुन् ।

कतिपय योजना अलपत्र छन्, ती योजना पुरा गर्नुस भनेर मुख्यमन्त्रीले निर्देशन त दिए तर, योजना संचालन गरिरहेको निकायलाई के के कुराले समस्या सृजना गरेको छ भन्ने बिषयमा खोजीनीति भएको छैन । पछिल्ला वर्षहरुमा कुनैपनि विकासका आयोजनाहरु निर्माण गर्ने निकायमा कमिशनका कारण समयमै गुणस्तरीय काम हुन सकेको छैन । कमिशनका लागि हलो अड्काउने काम हुने गरेको छ । अधुरा योजना किन अधुरा रहेका छन् भन्ने बिषमा अध्ययन गर्नु जरुरी छ । अधुरा योजना अलपत्र छाडेर नयाँ योजनामा लगानी सुरु गर्नु राम्रो होइन । अधुरा योजना सम्पन्न भएपछि मात्रै नयाँ योजना बनाउनु बुद्धिमानी ठहर्छ । अधुरा योजनाले गर्दा भुक्तानीमा समेत समस्या उत्पन्न हुँदै आएको छ । मुख्यमन्त्री जम्कट्टेलले ग्रामीण क्षेत्रमा सडक विस्तारमा प्रदेश सरकार अग्रसर रहेको भन्दै परिणाममुखी काम गर्नुपर्नेमा जोड दिएका छन् । हिजोको जस्तो अवस्था छैन, अहिले धेरै नै विकास हुँदै गएको छ । आवश्यक नीति र योजना सरकारले बनाइरहेकाले कार्यान्वयनमा कर्मचारीको कार्यसम्पादनको मूल्यांकन सरकारले गरिरहेको र काममा समस्या हुने भएकाले कर्मचारी सरुवा नगर्ने पनि मुखयमन्त्रीको भनाई छ । प्रदेशको ठुलो बजेट रकम भौतिक मन्त्रालय मातहतका कार्यालयमा हुने भएकाले प्रदेश सरकारको परिणामुखी नतिजा पनि पूर्वाधार विकास कार्यालयबाट नै हुनुपर्नेमा उनको जोड थियो । समीक्षा कार्यक्रममा भौतिक पूर्वाधार मन्त्री युवराज दुलाल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नरविक्रम थापा पनि थिए ।

प्रदेशभित्र रहेका ८ वटा पूर्वाधार विकास कार्यालय क्षेत्रका प्रगति विवरण प्रस्तुत गरिएको थियो जुन निराशाजनक उपलब्धी थियो । मन्त्रालय मातहतका आयोजना र निर्देशनालयको समेत प्रगति विवरण प्रस्तुत गरिएको थियो । पूर्वाधारमा प्रदेश सरकारको लगानी पर्याप्त छैन । भएका योजना पनि अधुरै छोडेका कारण प्रदेश सरकारको कार्यसम्पादनमा प्रश्नचिन्ह लागेको छ । भएका सीमित स्रोतसाधनको अधिकतम परिचालन गरी जनजीवन सामान्य बनाउँदै लैजानु पर्नेमा झिनामसिना कुरामा अल्झिएर प्रदेश सरकारले पर्याप्त र सबैले महशुस गर्ने पूर्वाधार विकास देखाउन सकेको छैन । प्रदेश सरकारले परिणाममूखी नतिजा निकाल्ने काम गर्नका लागि मुख्यमन्त्रीको कसरत कमजोर हुनु हुँदैन । सबै मन्त्रालय, निकायहरुलाई समन्वयात्मक भूमिका निर्वाह गरी अधिकतम परिणाम देखाउनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १५ गते सोमबार २९ जनवरी २०२४ । चतुर्थी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:४० । नेपाल नर्सिङ दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम बन्ने योग छ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : लगानीको अवसर जुट्नेछ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : यात्रा अघि बढ्न सक्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : छिमेकमा असमझदारी बढ्नेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : सहयोगीको राम्रो साथ पाइनेछ | मीन | : कृषिमा हानि हुनेछ |

# ‘नेपाल इतिहासकै सबैभन्दा सुन्दर दिनमा छ’

**राष्ट्रपतिको शपथ एकजनाले एकपटक, प्रधानमन्त्रीको शपथ एकजनाले दुईपटक, मन्त्रीको शपथ एकजनाले तीनपटक र सांसदको शपथ एक जनाले चारपटकसम्म लिने व्यवस्था हुनुपर्छ । त्यसो गऱ्यो भने कोही पनि मानिसलाई तपाईं छाड्नुस् भन्नुपर्दैन ।**



✍ विश्वप्रकाश शर्मा

आज देशले जुन राजनीतिक प्रणाली अपनाएको छ, यो प्रणालीको कार्यान्वयनका सन्दर्भमा नागरिक पंक्तिमा मिस-इन्फर्मेसन र डिस-इन्फर्मेसन समेत पुगेको छ । हाम्रो चरित्रमाथि पनि कतिपय प्रश्न उठेका छन् । आजको हाम्रो राजनीतिक प्रणाली सही हो वा होइन भन्ने प्रश्नलाई हामीले व्यवहारसम्मत ढङ्गले स्थापित गरेर अगाडि जानुपर्नेछ ।

प्रणालीलाई ड्राइभ गर्ने राजनीतिले हो । प्रणाली जुनसुकै होस्, संसारमा हरेकको साझा कुरा राजनीति नै हो । आजको हाम्रो राजनीति कति रूपान्तरित र परिष्कृत छ, हामी कहाँ चुकिरहेका छौँ, यसमा रूपान्तरणका लागि हामीले के बल पुऱ्याउनुपर्छ, यसमा ध्यान दिनुपर्नेछ ।

अमूर्त परिकल्पना जस्तो गरी हामीले देश बनाउने कुरा गरिरहेका हुन्छौँ । मेचीदेखि महाकालीसम्म भूगोल छँदै छ । साथसाथै संरचनाहरू छँदै छन् । हिमाल, तराई, सगरमाथा, गौतम बुद्धको भूमि सबै छँदै छन् । वास्तवमा हामी सबै मिलेर समाज कस्तो बनाउने भन्ने प्रधान कुरा छ । हामीकहाँ आशाको ऊर्जा बोकेको समाज पनि समाज हुन्छ, निराशावादीको पनि समाज छ । भ्रातृत्व भएको पनि समाज छ । ठुलाठुला गगनचुम्बी भवन बनाएकाहरुको र झुपडीमा सुत्नेहरूको पनि समाज छ । ठुलाठुला एयरपोर्टहरूमा बोइङ जहाज उडेर जाँदै गर्दा तलतल बालश्रम गर्दै गरेको समाज पनि छ । ३३ प्रतिशत महिला संसद्मा उभिएर बोल्दै गरेको पनि समाज छ । त्यही समाजमा दाइजोको नाममा पीडित भएका महिलाको पनि समाज छ । नवराज विकहरू मारिएको समाज पनि छ । बाटो बनाउने, बिजुली बाल्ने कुरा मात्रै देश बनाउने कुरा होइन । देश बन्नु भनेको समाजमा भ्रातृत्व कायम गर्नु पनि हो, सबैको पहिचानलाई सम्मान गर्ने वातावरण बनाउनु पनि हो, जहाँ आज हामी आइपुगेका छौँ ।

भौतिक विकासको चरणमा हामी जाने नै छौँ । बितेका ३० वर्षयताको तथ्याङ्कलाई हेर्दा बाटो, बिजुलीका सन्दर्भमा धेरै काम भएको देख्छौँ । तर, विकासको यही मोडलबाट, कर्मको यही प्रकारबाट चाँडो समुन्नति हासिल गर्न सक्छौँ त ? हामी यसमा सहमत छैनौँ ।

यतिखेर ५० लाखभन्दा बढी नेपाली विदेशमा हुनुहुन्छ । यस हलमा रहनुभएका हरेक व्यक्तिको घरको युवा बाहिर हुनुहुन्छ । राजनीतिक भाषण गर्दा त हामीले सबै नेपालीलाई फिर्ता ल्याउने भनौँला, तर आजको वास्तविकतालाई आत्मसात् गरेर भन्नुपर्छ । त्यो जनशक्तिलाई अहिले नै हामीले ल्याउन सक्दैनौँ । अहिले नै जाँदै गरेको जनशक्तिलाई रोक्न पनि सक्दैनौँ । त्यसको व्यवस्थापन गर्ने निश्चित कालखण्ड चाहिन्छ । त्यसका लागि के गर्ने हो भन्ने विषयमा छलफल गर्नुपर्छ । शासन भनेको बदलिरहन्छ, आइरहन्छ, तर त्यस्तो शासनमा सुशासनको अंश भेटिएन भने हामी कहाँ पुग्छौँ भन्ने प्रश्न हामीसँग छ ।

हामीसँग सपना छन् । हामीले नेपाललाई अबको १५ वर्षमा कहाँ पुऱ्याउन चाहन्छौँ, यो महत्वपूर्ण छ । दक्षिण एसियाको गोलार्द्धमा रहेको, सगरमाथाको फेदमा रहेको, बुद्धको देशले संसारको सामुन्ने यस्तो सपना लिएर हिँडिरहेको छ भनेर भन्ने के हो ? सपना बेगरको मान्छे, सपना बेगरको संस्था या राष्ट्र घिस्रन सक्छ होला तर स्वाभिमानका साथ उभिएर उज्यालो यात्रालाई गति दिन सक्दैन ।

हाम्रो दुईवटा मनोविज्ञान भत्काउनुपर्छ, नेपाल बनाउनका लागि । एउटा, मनोविज्ञान बाल्यकालदेखि नै हामीलाई पढाइएको थियो- तिमी वीर गोरखाली हौं । तिमी संसारमा कहिल्यै हारेनौँ । कसैले भनिदियो ‘संसारमा मलाई कसैसँग डर लाग्दैन, तर गोर्खालीको नाम सुन्दा डर लाग्छ ।’ हामीलाई यस्तो पढाइयो कि हामीले कहिल्यै हारेका छैनौँ । जित्न कसैलाई बाँकी छैन । अब आफैँ लडौँ भन्ने खालको मानसिकता बनाइयो । त्यो मनोविज्ञानले देश बनाउन सक्दैनौँ । तथ्यले के भन्छ भने, हामी बेलाबेला घुम्न गएको दार्जिलिङ, टिस्टा, पश्चिमको देहरादुन, गढवाल हाम्रै थियो । अहिले भारतसँग हामीले दाबी गर्ने कुरा होइन, तर हामीले १८१६ मा इस्ट इन्डियासँग हारेका हौँ । त्यसबेला दस्तावेजमा हामीले हस्ताक्षर गरेका छौँ । तथ्य के हो भने हामी पराजित भयौँ, तर हामी पराधीन भएनौँ । यसलाई हामीले स्वीकार गरेपछि वा बुझिसकेपछि मात्रै अहिलेको पुस्तामा वा राजनीतिज्ञमा जित्न बाँकी छ भन्ने मनोविज्ञानको विकास हुन्छ । त्यसका लागि गर्ने के हो ? कस्तो समाज निर्माण गरेपछि हामीले जितेको हुन्छ भन्ने ईखको भावना बढेर जान्छ भन्ने मलाई लाग्छ । किनकि संसारमा जितिसकेको मानिसले जित्नलाई केही बाँकी रहँदैन, तर जित्नलाई बाँकी रहेकाहरूले नै जित्न सक्छन् ।

नेपाल बन्दैन, बन्नै सक्दैन, सतीले सरापेको देश हो यो भन्ने जुन मनोविज्ञान छ, यसलाई भत्काउनैपर्नेछ । नेपालमा केही भएको छैन होइन, केही भएको छ । नेपालमा केही गर्न सकिन्छ, नेपाल बनाउन सकिन्छ, नेपाल बनाउने हो । त्यसकारण हामीले भन्नुपर्छ- नेपाल सतीले सरापेको देश होइन, भगवान् गौतम बुद्धले आशीर्वाद दिएको देश हो । यो खालको मनोविज्ञान बनाउन सकिएन भने देश बन्दैन । समुन्नतिका सन्दर्भमा यी मनोविज्ञान भत्काएपछि जोड्ने कुरा सोच्नुपर्छ– समुन्नतिका लागि पहाड र मधेसको भावनालाई जोड्ने, भिन्न-भिन्न समुदायलाई जोड्ने, वामपन्थी आन्दोलन र लोकतान्त्रिक आन्दोलनको समन्वय गरेर जाने, उत्तरको चीन र दक्षिणको भारतलाई नेपालको समुन्नतमा गाँसेर जाने, नेपाल बाहिरको नेपाल र नेपालभित्रको नेपाल जोडेर जाने । यी कुरा हामीले मिलाउनुपर्नेछ ।

विश्व अर्थतन्त्रको प्रक्षेपण गर्नेहरूले भनेका छन्– सन् २०५० मा उत्तरको छिमेकी देश चीन ५८ ट्रिलियन अमेरिकी डलर अर्थतन्त्रका साथ पहिलो अर्थतन्त्र बन्ने र ४७-४८ ट्रिलियन अमेरिकन डलरका साथ भारत दोस्रो अर्थतन्त्र बन्ने अवस्था छ । तेस्रोमा अमेरिकी अर्थतन्त्र बन्नेवाला छ । त्यसो हो भने पहिलो र दोस्रो आर्थिक महाशक्ति राष्ट्रका बिचमा बसिराख्दा समुन्नत सपनाका साथ हामी सँगसँगै जान्छौँ भन्ने सोचाइ बनाउनुपर्छ । म त भन्छु, हामी इतिहासकै सबैभन्दा सुन्दर दिनमा छौँ । हामी इतिहासमा सबैभन्दा राम्रो अवसर पाइरहेका बेलामा छौँ ।

अहिलेको जनसंख्या नेपालको शक्ति पनि हो र चुनौती पनि । जबसम्म हामीले हाम्रो मानवीय स्रोत र प्राकृतिक स्रोतलाई बृहत्तर उपयोग गर्न सक्दैनौँ, तबसम्म नेपालको जनशक्ति काम वा अवसर खोज्दै विश्वव्यापी छरिन्छ । नेपालभन्दा साउदी अरब १४ गुणा ठुलो छ । त्यो देशमा चार करोड जनसंख्या छ । १४ गुणा सानो नेपालमा तीन करोड छ । साउदीको तुलनामा हाम्रो जनसंख्या हुने हो भने २४ लाख मात्रै हुन्छ । त्यही समुन्नत भनिएको अमेरिका हामीभन्दा ६२/६३ गुणा ठुलो छ । हाम्रो जनसंख्याका हिसाबले तुलना गर्ने हो र त्यहाँ त्यही ढङ्गले हुने हो भने अर्बौं जनसंख्या पुग्छ, तर अमेरिकामा त्यति मान्छे छैनन् । त्यही भएकाले अमेरिकाले ५० हजार मानिस संसारबाट आफ्नो देश लगिरहेको हुन्छ । आज हरेक युवक काठमाडौँ एयरपोर्टबाट विदेश जाँदै गर्दा दलहरू र देशलाई गाली गरिरहेका हुन्छन् । देशको युवा जनशक्तिलाई हामीले १० देखि १५ वर्षसम्म व्यवस्थापन गर्ने गरी सोचाइ लिएर आउनैपर्छ । नेपालमा सन् २०३० सम्म कति डाक्टर, कस्ता डाक्टर चाहिने हो ? १० हजार डाक्टर चाहिन्छ भने हामीले १० हजार पाँच सय उत्पादन गर्नुपर्छ । पाँच सय जनशक्तिको बाहिर व्यवस्थापन गर्ने विषयमा पनि सोच्नुपर्छ । अरु देशबाट जनशक्ति भित्र्याउनुपर्छ ।

अबको दशकमा हामीलाई चाहिने प्रोफेसर, डाक्टर, इन्जिनियर कति हो भन्ने विषयमा हामीले दृष्टिकोण बनाउनु जरुरी छ । कमला ह्यारिस एउटा पूर्वभारतीय माइग्रेट भएर गएको आमाबाट जन्मिएकी महिला हुन्, जो अमेरिकाको उपराष्ट्रपति छिन् । भारतीय मूलकी आमाबाट जन्मिएका छोरा ऋषि सुनक बेलायतका प्रधानमन्त्री छन् । ट्विटरको सीईओ भारतीय थिए । एप्पलको उच्च स्थानमा भारतीय पनि छन् । हाम्रा नेपाली कहाँ छन् ? हामी खाडीमा गणना गर्न लाग्छौँ । त्यसैले नेपाल देशले बाहिर जाने जनशक्तिलाई एयरपोर्टमा ढोका लगाएर छेक्न सक्दैन, राजनीतिक भाषणले पनि रोक्न सक्दैन, तर हामीले नेपालभित्रको नेपाल र नेपाल बाहिरको नेपाललाई भने जोड्न सक्छौँ । नेपालमा राम्रो व्यवस्थापन हुन नसक्ने अवस्था हुँदासम्मको १० वर्ष नेपालीले विदेशमै अवसर खोज्नुपर्ने हुन सक्छ, त्यहीँ कमाउने वातावरण बनोस् । बरू उनीहरूले कमाएको १० प्रतिशत कमाइ कुनै ठुलो हाइड्रोपावरमा लगानी गर्न सकियोस् ।

बीपी कोइरालाले एकपटक भन्नुभएको थियो, ‘नेपाल दुईवटा छन् । एउटा नेपाल बाटोघाटो, बिजुलीको नेपाल छ । अर्को नेपाल बाटोघाटो र बिजुलीबिनाको छ ।’

अहिले पनि नेपालभित्र दुईवटा नेपाल छन् । नेपाल बाहिरको नेपाल पनि दुईवटा छन् । कस्तो विकटताको र कस्तो सुगमताको नेपाल छ भनी व्याख्या गर्नुपर्दैन । हक-अधिकार प्राप्त गरेको महिलाको नेपाल एउटा छ भने दाइजो नल्याएको र बोक्सीको आरोपमा हिंसाबाट प्रताडीत महिलाको एउटा नेपाल छ । कहीं न कहीं युवाहरू उठ्दै गरेको एउटा नेपाल छ, युवा काठको बाकसमा फर्किदै गरेको अर्को नेपाल छ । नेपालभित्र एउटा नेपाल र नेपाल बाहिर अर्को नेपाल छ । नेपालभित्रको नेपालमा मेचीदेखि महाकालीभित्रको भूगोल र भावना छ । नेपाल बाहिर पनि अर्को नेपाल छ । जहाँ भूगोल छैन, त्यहाँ भावना छ । त्यसकारण नेपालबाहिरका नेपालीलाई पनि नेपालको समुन्नतिका लागि गाँसेर जाने कुरा प्रमुख हो ।

आज आन्तरिक र बाह्य ऋण गरेर झन्डै २४ खर्ब ऋण हाम्रो टाउकोमा छ । श्रीलङ्काले ऋण चुक्ता गर्नका लागि कतिपय क्षेत्र चीनलाई हस्तान्तरण गर्नुपर्ने अवस्था छ । यस्तै अवस्था हुन लागेपछि पाकिस्तानका तत्कालीन प्रधानमन्त्री इमरान खानले अन्तिमपटक प्रधानमन्त्री बनेर चीन गएर अघिल्ला सरकारले सम्झौता गरेको अर्बौं अमेरिकी डलर ऋण रद्द गरेको घोषणा गरे । नेपालमा भैरहवाको एयरपोर्ट बनेको १८ महिना भयो । कुनै महिना छैन, जुन महिना १८ करोडको आयात र १८ करोड निर्यात होस् । पोखराको एयरपोर्टको अवस्था कहालीलाग्दो छ । त्यसैले हामीले बाहिरको जनशक्तिको सीप र पुँजीलाई नेपालको समुन्नतिका लागि प्रयोग गर्नुपर्छ । ताकि हामीले लिँदै गएको ऋण अनुत्पादक क्षेत्रमा लगानी गरेर नेपालको कुनै ठाउँमा चन्द्र-सूर्य झन्डा निकालेर अर्कै देशलाई बुझाउनुपर्ने अवस्था आए कति दुःखद होला । त्यसैले समुन्नतिका लागि आज नेपाल भित्रको नेपाल र नेपाल बाहिरको नेपाल गाँस्नुपर्नेछ ।

देशको अवस्था बदल्न व्यवस्था नै बदल्नुपर्छ भन्ने कुरा आइरहेको छ । पुरानै प्रणालीमा फर्कने कुरा पनि सुनिरहेका छौँ । हामीले अहिलेसम्म सातवटा संविधान लेखिसक्यौँ । अमेरिकाले १७८८ मा लेखेको संविधान परिमार्जन गर्दै अहिलेसम्म चलिरहेको छ । अब हामीले व्यवस्था फेर्ने कुरा गर्नु हुँदैन । व्यवस्था जे छ, अहिले यही सही छ । अवस्था बदल्नका लागि अब सोच्नुपर्छ । कतिपयले सजिलै भन्दिनुहुन्छ कि संघीयतालाई खारेज गरियो भने समस्याको समाधान हुन्छ । त्यसो भए संघीयतामा जानु अगाडि हाम्रो देशमा समस्या थिएन ? संघीयतामा गयो भने अर्थतन्त्रको समस्या पनि हल हुन्छ भन्ने पनि छ । त्यसो भए संघीयता आउनुभन्दा अगाडि अर्थतन्त्रमा समस्या थिएन ? सिंहदरबारमा एउटै मूलका प्रधानमन्त्री भएको सुनिरहेको देशमा थारुको छोरा, राईको छोरा, मधेसी तथा गुरुङको छोरा मुख्यमन्त्री भइरहेका छन् । महिलाबाट राष्ट्रपति, मधेसी समुदायबाट राष्ट्रपति भइसके । सरकार जनताको आँगनमा पुग्नु उपलब्धि होइन ? सरकार सञ्चालनमा भएका सानातिना समस्यालाई देखाएर व्यवस्थामा थोपर्ने कुरा गलत हुन्छ ।

आज जुन व्यवस्था छ, यो व्यवस्था कुनै पाँचजना नेता बसेर बनाएको व्यवस्था होइन । व्यवस्थापछि व्यवस्था बदल्दै गयौँ भने हामी कहिल्यै पनि समाधानमा जान सक्दैनौँ, देशलाई अग्रगति दिन सक्दैनौँ, देश गोलचक्करमा फस्छ । संविधानलाई परिमार्जन गर्दै, व्यवस्थालाई परिमार्जन गर्दै जाँदा एउटा कुरा सोच्न जरुरी छ- नेपाल अगाडि जाँदै छ । एक दशकअगाडि नेपालमा हिंसा थियो, आज शान्तिको नेपाल छ । एक दशकअगाडि नेपाल एकात्मक थियो, आज संघात्मक छ । एक दशकअगाडि देश संविधानविहीन थियो, अहिले संविधान छ । एक दशकअगाडि जनसंख्याको अनुपातको प्रतिनिधित्व नभएको नेपाल थियो, आज प्रतिनिधित्व भएको नेपाल छ । त्यो प्रतिनिधित्व गर्दै गर्दा कति बेस्ट भयौँ, समावेशितालाई कति उपयोग गऱ्यौँ, त्यो गणितको विषयमा छलफल गर्न सकिन्छ ।

आर्थिक दृष्टिबाट पनि नकारात्मक चित्र मात्रै छैनन्, धेरै राम्रा चित्र पनि छन् । ०६२/०६३ सालमा जीडीपी २६ खर्ब थियो, आज ५३ खर्ब पुग्यो । त्यसबेला प्रतिव्यक्ति आय एक हजार तीन सय ९९ अमेरिकी डलर थियो । त्यो भनेको ९५ हजार हाराहारी हो । आज एक लाख ८२ हजारको रेसियोमा प्रतिव्यक्ति आय छ । खानेपानीको सन्दर्भमा ०४६ सालअगाडि ३० प्रतिशत मानिसको घरमा पुगेको थियो, ०६२/०६३ मा ८३ प्रतिशतमा पुगेको थियो । अहिले ९७ प्रतिशतमा खानेपानी पुग्यो । बिजुली पुगेको घर २०४६ अगाडि केवल नौ प्रतिशत थियो, आज ९५ प्रतिशत पुगेको छ । बिजुलीको उत्पादन पञ्चायतकालमा २२७ मेगावाट थियो, आज नेपालमा दुई हजार ६६६ मेगावाट पुग्यो । आज नेपालले १० हजार मेगावाट बिजुली भारतलाई दिन सक्छौँ भनेर प्रधानमन्त्रीले गर्वका साथ भारतका प्रधानमन्त्रीलाई भन्ने अवस्थामा आएको छ । १० वर्षअगाडि निर्यात ७० अर्ब थियो । आज दोब्बर भएर १ अर्ब ५७ अर्ब निर्यात भयो । यसरी सकारात्मक सूचक राख्दा सबै सकारात्मक देखिन्छ । नकारात्मक सूचक पनि छन् । आयात दोब्बर भएको छ । सात खर्ब ८१ अर्ब आयातबाट अहिले १६ खर्बभन्दा बढी पुगेको छ । हामीले सोमालिया र भुटानसँग पनि व्यापारको घाटामा छौँ । अब आन्तरिक र बाह्य ऋण बढेको छ । प्रत्येक व्यक्तिको टाउकोमा अहिले ७६ हजार १७७ रुपैयाँ हो ।

हामी केही सकारात्मक सूचकका साथ सम्भावनाको ठाउँमा पनि छौँ र केही नकारात्मक सूचकका साथ खस्कने अवस्थामा पनि छौँ । कुनै पनि देश बन्नका लागि निकै धेरै मेहनत र संयोजनको जरुरी छ । मान्छेले उठ्नका लागि मेहनत गर्नुपर्छ, खस्कनका लागि खासै मेहनत पर्दैन । त्यसकारण नेपाल चुनौतीको ठाउँमा छ, तर संकटमा छैन । कतिपयले देश संकटमा छ भनेका छन्, तर संकट र समस्याको व्याख्या राजनीतिज्ञले बुझेन भने समस्या हुन्छ । संकट हिंसात्मक विद्रोह हुँदा थियो । संकट पहिलो संविधानसभा विघटनपछि थियो । अहिले कुनै संकट छैन, तर समस्या छन् ।

बितेका दशकमा हामी सबैभन्दा बढी अस्थिरताको सिकार भयौँ । हामीले थुप्रै प्रधानमन्त्री बनायौँ । बितेको ७० वर्षमा कोही एकजना पनि प्रधानमन्त्रीले पाँच वर्ष निरन्तर काम गर्न पाउनुभएन । पञ्चायतको सबैभन्दा बलियो प्रधानमन्त्री सूर्यबहादुर थापा, ०४६ पछिको बलियो प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ५-५ पटक प्रधानमन्त्री बन्नुभयो, तर एकैपटक पाँच वर्ष चलाउन सक्नुभएन । गणतन्त्रपछि माओवादी अध्यक्ष प्रचण्डले पनि पाँच वर्ष चलाउन सक्नुभएन । कम्युनिस्ट एकतापछि बनेको केपी ओली नेतृत्वको सरकार पनि पाँच वर्ष टिक्न सकेन । त्यसबेला नवीन आशा थियो । त्यसैले अहिलेको चुनौती भनेको स्थिरताको खोजी हो । कुनै देशले राजनीतिक स्थिरता तत्काल कायम गर्न सक्दैन भने आर्थिक र नीतिगत स्थिरताको बाटोचाहिँ खोज्नुपर्छ । सरकार बदलिन दिनुस् । पाँच वर्षमा पाँचवटा सरकार बनाउनुस्, तर नीतिगत स्थिरता दिनुपर्छ । अबको १० वर्षमा के गर्ने भन्ने नीतिगत स्थिरता कायम गर्नुपर्छ ।

अहिले तपाईंहरू सुन्दै हुनुहुन्छ, अबको सदनले प्रि-बजेटरी छलफल गर्छ । जेठको १५ गते आउने बजेटका लागि वैशाखमा आएर पेस गर्ने, हामी सांसदले उभिएर अर्थमन्त्रीले ल्याएको कुरालाई पास गर्ने, राष्ट्रपतिबाट जे आउँछ त्यसलाई पास गर्ने ? बजेट जे आउँछ त्यो पास गर्ने भन्ने अब त्यो हुँदैन । पहिले छलफल हुनुपर्छ । सांसदहरूको हस्तक्षेप र विचार गाँसिनुपऱ्यो । अब परिमार्जनको दिशातिर लाग्नुपर्छ । त्यसकारण नीतिगत स्थिरताको जरुरी छ ।

हामी आफू कुन पार्टीको भन्ने छाडिदिनुस् न, भारत र चीनलाई हेर्ने दृष्टिकोण समान हुनुपर्दैन ? बीपी कोइरालाले बेइजिङ र दिल्लीभन्दा माथि रहेर इजरायललाई मान्यता दिनुभयो । आज त्यो उचाइको नेता नहुनु होला, तर नेपाल छैन र ? गणेशमान सिंह, पुष्पलाल, मनमोहनहरू हुनुहुन्न होला तर नेपाल छैन र ? उहाँहरूबाटै दीक्षित हाम्रा पार्टी र हामी राजनीतिज्ञहरू छैनौँ र ? अब नेपाललाई अगाडि बढाउनैपर्छ । आगामी चुनावबाट कुनै पार्टीले बहुमत ल्याउन नसके पनि नेपाललाई समृद्ध बनाउनका लागि १० वर्षमा के गर्ने भन्ने समान धारणा बनाउनुपर्छ ।

मैले संसद्मा बोल्दै गर्दा भनेको छु- दक्षिणको राष्ट्रसँग हामीसँग सम्बन्ध राम्रै छ, तर कुनै दिन इजरायल र प्यालेस्टाइनको जस्तो अवस्था आयो भने हामीसँग खाने तरकारी र चामल छ कि छैन ? यस्तो विषयमा दलहरू एकताबद्ध हुनुपर्दैन ? त्यसकारण कृषि उत्पादनको नीति चाहियो । विश्वविद्यालयको अनुहार बदल्नुपर्छ । विश्वविद्यालयमा कांग्रेस, एमाले र माओवादीको भीसी, यो पनि एउटा मोडल भयो । अब यो मोडल छान्ने कि अर्को छान्ने ? आजका लागि दलहरूले सोच्नुपर्ने विषय होइन ? कुनै दलगत अनुहारको व्यक्ति आएर त्रिभुवन विश्वविद्यालयको अनुहार बदलियो त ? कसैको आस्थामाथि प्रश्न होइन । तर अब विधिमा मुलुक जानुपर्छ । बल्ल कुरा बुझ्ने अवस्थामा आइपुगिएको छ । संसद्को हस्तक्षेप पनि सुरु भएको छ । विश्वविद्यालयको भीसी नियुक्तिको विषय र प्रक्रियामा पनि नयाँ बहस सुरु भएको छ ।

तपाईं हामी स्कुल पढ्दै गर्दा घन्टी बजाउने दाइको मृत्यु भइसक्यो, तर स्कुलमा दरबन्दी छैन । अवकाश भएर जाँदा एकजना शिक्षक खादा माला र पेन्सनपट्टा लिएर जानुहुन्छ, तर घन्टी बजाउने दाइहरूसँग केही पनि हातमा हुँदैन । उहाँहरूको मुहारमा मुस्कुराहट ल्याउन नसक्ने देश कसरी समुन्नत बन्न सक्छ ? विराटनगरको बजारमा रिक्सा कुदाइरहेका दाइले दिनभरि कसैको गाली सहलान्, चना र चिउरा खाएर रिक्सा कुदाउलान्, तर साँझ उनी तरकारी, चामल र ढुंग्री, कुकिज किनेर रिक्सा कुदाएर झुपडपट्टी एरियामा पुग्छन्, उनकी सानी छोरी बाबा भन्दै उनको अँगालोमा आउँछिन्, यतिबेला ती छोरीका लागि संसारकै शक्तिशाली व्यक्ति रिक्सावाला बुवा होइनन् र ? हामीले उनको जीवनको कुराको सन्दर्भमा सोच्यौँ भने यो राजनीतिक प्रणालीले काम गरेर जान्छ, अन्यथा प्रणालीले काम गर्दैन । शिक्षा नीति, कृषि उत्पादन, परराष्ट्र नीति, सामाजिक विसंगतिको कुरा साझा विषय हुन् । नेपाल बनाउनका लागि दलगत आस्था नै चाहिँदैन ।

दलगत हिसाबले भन्ने हो भने कांग्रेस, एमाले, माओवादी सरकारमा बराबर गएका छन् । नयाँ दल पनि सरकारमा १५ दिनपछि पुगेकै छन् । हामी रूपान्तरण हुन जरुरी छ । मेरो एउटा नीति छ- १, २, ३, ४ (वान टु फोर) । त्यो भनेको राष्ट्रपतिको शपथ एकजनाले एकपटक, प्रधानमन्त्रीको शपथ एकजनाले दुईपटक, मन्त्रीको शपथ एकजनाले तीनपटक र सांसदको शपथ एक जनाले चारपटकसम्म लिने व्यवस्था हुनुपर्छ । पाँचपटक होइन । त्यसो गऱ्यो भने कोही पनि मानिसलाई तपाईं छाड्नुस् भन्नुपर्दैन । त्यो नीतिलाई कार्यान्वयन गर्दा विश्वप्रकाश र गुरु घिमिरेले त्यसलाई पालना गर्छन् । शेरबहादुर जी, केपी कमरेड र प्रचण्ड कमरेडले भन्नुपऱ्यो– दुई-दुईपटक नाघिसक्यो, अब प्रधानमन्त्रीको शपथग्रहण गर्दैनौँ भनेर । देशको समुन्नतिका लागि यो दुःखद होइन, सुखद नै हुन्छ । उहाँहरू पनि उदाहरणीय बन्नुहुन्छ । अमेरिकामा ५६ वर्षको उमेरमा बाराक ओबामाले घरमा गएर बर्थ-डे मनाए । उनलाई राष्ट्रपति बनिरहन मन थियो होला, तर विधिले चलेको देशमा असम्भव भयो । हाम्रो देश पनि विधिले चल्नुपर्छ । राजनीतिक रूपान्तरणको विषय पनि विधि पालनाबाटै सम्भव छ । समुन्नति पनि विधि पालना गरेर मात्रै आउँछ ।

*(साभार: रातोपाटी)*

# कोरोनाकालको तलब दिन नेपाली कामदारको खोजीमा विदेशी कम्पनी



काठमाडौं/विदेशी कम्पनीहरूले कोरोनाकालमा काम गरेको बक्यौता तलब भुक्तानी गर्न नेपाली कामदारको खोजी गर्न थालेका छन् ।

मलेसिया, साउदी अरेबियालगायतका देशका रोजगार दाता कम्पनीहरूले त्यहाँस्थित नेपाली राजदूतावासमार्फत बाँकी रहेको तलब लिन नेपालीलाई बोलाइरहेको पाइएको छ ।

अहिले दुई देशका कम्पनीहरूबाट बक्यौता तलबका लागि सम्पर्कमा आउन नेपालीलाई आग्रह आएको वैदेशिक रोजगार विभागका महानिर्देशन डण्डुराज घिमिरेले रातोपाटीलाई जानकारी दिनुभयो ।

कोरोना महामारीका बेला घर फर्केकाहरूलाई त्यतिबेला टाट पल्टिएर तलब दिन नसकेका कम्पनीले यसरी खोजी गरेका हुन् ।

कोरोना महामारीको समयमा सरकारले उद्धार गरेका र स्वयम स्वदेश फर्केका कामदारले तलब पाएका थिएनन् । कोरोना महामारी लम्बिएकाले उनीहरू फेरि काममा फर्कन सकेनन् । उनीहरूलाई नै बक्यौता तलबका लागि खोजिएको हो ।

साउदी अरबमा काम गरेका ६३१ र मलेसियामा काम गरेका ६४ गरी ६९५ नेपाली कामदारको खोजी जारी छ ।

**साउदीबाट टाट पल्टिएको कम्पनीले बोलायो**

साउदीका टाट पल्टिएर बन्द गरिएका कम्पनीले पनि तलब लिन बोलाउन थालेका छन् । साउदीको साउदी ओजेर कम्पनी सन् २०१६/१७ मा टाट पल्टिएको थियो । त्यसपछि त्यहाँ काम गर्ने नेपाली कामदारहरू मध्ये केही अर्कै कम्पनीमा गएका थिए भने बाँकी नेपाल फर्किएका थिए । त्यो कम्पनीमा काम गर्ने ५२ जना नेपालीलाई अहिले तलब लिन बोलाइएको छ । उसले कुल ४ लाख ४१ हजार २५० रूपैयाँ साउदी रियाल अर्थात नेपाली १ करोड ६७ लाख १८ हजार रुपैयाँ भुक्तान गर्न बाँकी छ ।

साउदीकै टाट पल्टिएको अर्को कम्पनी मोहमद अल मोजिल ग्रुपले ५७१ जना नेपालीलाई तलब दिन बाँकी छ ।

साउदीस्थित नेपाली राजदूतावासका श्रम सहचारी देवेन्द्र कार्कीका अनुसार टाट पल्टिएको पाँच वर्षपछि कम्पनीले बक्यौता भुक्तान गर्न खोजेको हो । कम्पनी टाट पल्टिएर स्वदेश फर्किएका नेपाली कामदारले पाउनुपर्ने तलब सुविधा लिन दूतावासमा कम्पनीका तर्फबाट अनुरोध आएको र दूतावासले सूचना जारी गरिसकेको जानकारी उनले दिए ।

दूतावासले आफ्नो फेसबुक पेजबाट सूचना जारी गर्दै मोहमद अल मोजिल ग्रुप कम्पनीमा काम गरेबापत कम्पनीबाट पाउनुपर्ने तलब तथा अन्य सुविधा लिन बाँकी रहेका नेपाली कामदारहरूलाई सम्पर्क गराई कम्पनीबाट पाउनुपर्ने भुक्तानी सहजीकरण गरिदिन दूतावासमा अनुरोध प्राप्त भएको जनाएको छ ।

दूतावासले प्रकाशित गरेको लिङ्क प्रयोग गरी यथाशीघ्र आवश्यक विवरण भरी बुझाउन सम्बन्धित सबैमा दूतावासले अनुरोध गरेको छ ।

कम्पनीबाट पाउनुपर्ने तलब तथा अन्य सुविधा लिन बाँकी रहेका नेपाली कामदारको सूची पनि सार्वजनिक गरिएको छ ।

साउदीमा कार्यरत धेरै नेपालीले समयमा तलब नपाएको र समस्यामा पारिएको खबर आइरहेका बेला टाट पल्टिएको कम्पनीले तलब लिन बोलाएको छ ।

**तलब दिन बाँकी मलेसियन कम्पनी**

मलेसियाको भेन्चर ग्रुप अन्तर्गतका दुई कम्पनीले ६४ जना नेपालीलाई सम्पर्कमा ल्याइदिन भन्दै नेपाली राजदूतावासमा सम्पर्क गरेको पाइएको छ । सन् २०१४ मा कोभिड महामारीको समय नेपाल फर्केकाहरूलाई तलबका इन्टिटीज् टेक्नोकम सिस्टम र पिन्टारमस कम्पनीले सरकारमार्फत खोजेका हुन् । सोझो सम्पर्क हुन नसकेको ती कम्पनीले बताएका छन् । कम्पनीको सूचनापछि केही व्यक्तिहरू सम्पर्कमा गइसकेको विभागले जनाएको छ ।

वैदेशिक रोजगार विभागका महानिर्देशन घिमिरेले अहिले साउदी र मलेसियाका विभिन्न कम्पनीहरूबाट तलब लिन बाँकी रहेका नेपालीलाई सम्पर्कमा आउन भनेको जानकारी दिए ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूले तलब नपाउनेलगायतका समस्या झेलिरहेको गुनासो बढ्दो क्रममा छन् । यही कारण वैदेशिक रोजगारीमा जानेहरूले डराउनुपर्ने अवस्था छ । काम गरेको तलब नपाउँदा श्रमिकहरू समस्यामा परिरहेका छन् । यो बेला आशै मारेको तलब भुक्तान गर्ने कम्पनीको सूचनाले श्रमिकहरू खुसी भएका छन् ।

कतिपय व्यक्तिहरू विभागको सम्पर्कमा आएका छन् भने कतिपयले सूचना नै नपाएको हुनसक्ने विभागको आशङ्का छ ।

**के छ प्रक्रिया ?**

काम गरेको बेलाको तलब लिन श्रमिकहरूले अनलाइन मार्फत नै जानकारी गराउनुपर्ने हुन्छ । त्यसका लागि अनलाइन मार्फत फारम भर्नुपर्ने व्यवस्था सम्बन्धित कम्पनीले मिलाएका छन् । बक्यौता तलब लिन आफ्नो नाम, पासपोर्ट नम्बर, बैंक एकाउन्ट नम्बर, आईबीएएन नम्बर, स्विफ्ट कोड, बैंक नाम लगायतका विवरण गुगल फर्ममा भर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'रङ्गेली' गीतमा शिल्पाको बोल्ड ठुम्का



काठमाडौं/आगामी फागुन २५ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउन लागेको मल्टीस्टार र फिल्म 'रङ्गेली'को पहिलो गीत 'हातैले उघाएर' सार्वजनिक गरिएको छ । अर्जुन सुवेदीको शब्द, हर्कुलस बस्नेतको संगीत तथा निशान भट्टराई र लिला गजमेरको युगल स्वर रहेको गीतको भिडियोमा अभिनेत्री शिल्पा मास्के र मोडल प्रिन्स विश्वकर्मा नृत्य गर्दै प्रस्तुत छन् । गीतमा शिल्पा बोल्ड देखिएकी छन् ।

शिशिर खातीको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरुको चरित्रचित्रण गर्दै केही प्रेमिल र द्वन्द्वात्मक दृश्य पनि समावेश छ, जसले कथावस्तुबारे महत्त्वपूर्ण खुलासा गर्छ । शिल्पा र प्रिन्स फिल्मको गीतमा मात्र देखिनेछन् । 'हातैले उघाएर' गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिएको निर्देशक अर्जुन सुवेदीको भनाई छ । फिल्ममा उनकै लेखन छ । दयाहाङ राई, अर्पण थापा, मिरुना मगर, प्रवीण खतिवडा, रमेश बुढाथोकीको मुख्य भूमिका रहेको 'रङ्गेली'को कार्यकारी निर्माता जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् भने निर्माताहरु संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् ।

त्यस्तै, युवक कार्की र शिव शङ्कर चौलागाईं सह-निर्मातामा छन् । विवेक खड्का (योलो) एशोसियट निर्माता रहेको फिल्मका छायाँकार सुशन प्रजापति हुन् ।

### रेखालक्षित राप्रपा अध्यक्षको कटाक्ष-

# 'एउटी आमा आफ्नो देशमा सन्तान जन्माउन चाहँदिनन्'





काठमाडौं/अभिनेत्री रेखा थापा यही माघ अन्तिम अथवा फागुन पहिलो हप्ता पहिलोपटक आमा बन्दैछिन् । त्यसका लागि अहिले उनी श्रीमानको साथमा अमेरिकामा छिन् । उनले पहिलो सन्तानलाई अमेरिकामा जन्म दिएर त्यहींको नागरिक बनाउन लागेकी हुन् । उनको यो निर्णयप्रति सामाजिक सञ्जालमा विभिन्न टिका टिप्पणी भइरहेका छन् । अब उनकै पार्टीका नेताले समेत कटाक्ष गर्न थालेका छन् ।

उनी केन्द्रिय सदस्य रहेको राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले देशको अवस्थाका कारण अहिले एउटा आमा आफ्नो सन्तान नेपालमा जन्मियोस् भन्ने नचाहने गरेको उल्लेख गर्दै घुमाउरो रुपमा रेखाको उदाहरण दिएका छन् । शनिबार काठमाडौंको राष्ट्रियतासम्बन्धी प्रवचन कार्यक्रममा उनले रेखालाई इंकित गर्दै एउटी चर्चित कलाकार सन्तान जन्माउन अमेरिका गएको बताएकी हुन् ।

अध्यक्ष लिङ्देन भन्छन्, 'एकजना चर्चित कलाकारले बेबी प्लान भनेर पोष्ट गर्नुभयो र प्लेन उडेको देखाएर अमेरिका लेख्नुभयो । भनेको नानी जन्माउन अमेरिका हिँडेको । जीवनमा एउटा महिलाले पहिलोचोटी प्राप्त गर्ने सन्तान आफ्नो देशमा जन्माउन चाहँदिनन् भने र ऊ नेपाली नहोस्, नेपाली नहुनुमा आफ्नो सन्तानको भविष्य सुरक्षित देख्छ भने देश र राष्ट्रियताको अवस्था कहाँ पुग्यो ?'

लिङ्देनको अभिव्यक्तिमा देशको यथार्थसँगै रेखाप्रति कटाक्ष पनि छ । यसले लिङ्देन र रेखाबीच दरार उत्पन्न गराउन सक्नेछ । पार्टीमा रेखा लिङ्देनको पक्षधर हुन् । राप्रपाको अधिवेशनमा उनी लिङ्देनकै प्यानलबाट महामन्त्रीमा उठेकी थिइन् । तर, पराजीत भइन् । यसपछि उनी लिङ्देनकै पहलमा केन्द्रीय सदस्य बनिन् । अब उनीहरुबीच टसल बढ्ने अड्कलबाजी सुरु भएको छ ।

# राष्ट्रिय सभामा थोरै सिट दिएको भन्दै माधवले मागे थप मन्त्री



काठमाडौं/पछिल्लो समय सत्ता गठबन्धनका ठुला राजनीतिक दलको व्यवहार र सरकारको कार्यशैलीप्रति माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी सन्तुष्ट छैन । खास गरी सरकारको नेतृत्व गरेको नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसको व्यवहारप्रति आफै सत्ताको हिस्सेदार रहेको एकीकृत समाजवादी सन्तुष्ट बन्न नसकेको हो ।

सत्ता गठबन्धनबिच हुने भागबन्डामा ठुला राजनीतिक दलहरूले आफ्नो पार्टीलाई हेपेको, १० सिट त हो नि भनेर अवमूल्यन गर्ने गरेको लगायतका गुनासो एकीकृत समाजवादीका नेताहरूले गर्ने गरेका छन् । साथै जनसरोकारका सवालमा सरकारले ठोस कदम चालेर जनतालाई राहत दिने कार्यक्रममा तीव्रता दिन नसकेकोमा पनि एकीकृत समाजवादीले सरकार र गठबन्धनसँग चासो राख्दै आएको छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचनको अघिल्लो दिन माघ १० गते बुधबार पनि अध्यक्ष माधवकुमार नेपाल यस्तै गुनासो बोकेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए । माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डसँग अध्यक्ष नेपालले सरकारका काममा चुस्तता र दुरुस्तता आउन नसकेको भन्दै सरकारलाई थप प्रभावकारी बनाएर लैजान आग्रह गरेका थिए ।

'सरकारका कामकारबाही जनअपेक्षा अनुसार हुन सकेका छैनन्, सरकारको प्रयास सकारात्मक हुँदाहुँदै पनि जनताको अपेक्षा पुरा गर्ने गरी काममा अझै गतिशीलता दिन सक्नुपर्छ', अध्यक्ष नेपालले प्रधानमन्त्रीसँग भनेका थिए । जवाफमा प्रधानमन्त्री प्रचण्डले आफूले सकेसम्म जनतालाई डेलिभरी दिने र सुशासन कायम गर्ने गरी सरकारी संयन्त्र परिचालनको प्रयास गरिरहेको भन्दै आगामी दिनमा थप प्रभावकारी र सकारात्मक काम गर्दै जाने विश्वास दिलाएका थिए ।

'विभिन्न ठाउँमा नियुक्तिहरू गर्नुपर्ने छ । सरकारका कामलाई गति दिनुपर्नेछ, जनतालाई सकारात्मक म्यासेज दिनुपर्नेछ । यस्तै विषयहरूमा के कसो भइरहेको छ भनेर कुराकानी भयो', अध्यक्ष नेपालले प्रधानमन्त्री प्रचण्डसँग भएको भेटवार्ताबारे रातोपाटीसँग भने,'खास गरी सरकारका कामहरू प्रभावकारी हुनुपर्‍यो भन्ने नै हो ।'

एकीकृत समाजवादीमा अध्यक्ष नेपालसहित पार्टीबाट मन्त्री भएर सरकारमा गएका बाहेकका नेताहरू सरकारबाट बाहिरिनुपर्ने पक्षमा छन् । 'सरकारलाई दिएको समर्थन कायमै राखेर सरकारबाट बाहिरिनुपर्छ भन्ने मत पार्टीमा बलियो छ । तर अध्यक्षलगायतका केही नेताहरू त्यसो गर्न नहुने पक्षमा छन्', एकीकृत समाजवादीका एक सचिवालय सदस्यले भने, 'अहिले हामी सरकारमा छौ । सरकारमा भएका बेला न जनताको पक्षमा काम नै गर्न सक्यौ नत सरकारको कमजोरी नै केलाएर विरोध गर्न सक्यौ । यस्तो अवस्थामा सरकारमा बस्नुभन्दा बाहिरिनु नै पार्टीका लागि राम्रो हुन्छ भन्ने हो ।'

नेताहरूको यस्तो सुझाव भए पनि अध्यक्ष नेपाल तत्काल सरकारबाट बाहिरिँदा आफ्नो शक्ति थप कमजोर हुने बुझाइमा छन् । केही दिन पहिला बसेको सो पार्टीको सचिवालय बैठकमा समेत अध्यक्ष नेपालले सरकार र गठबन्धन छोड्न नहुने पार्टीको स्पष्ट लाइन रहेको बताएका थिए । 'पार्टी बैठकहरूमा पनि अध्यक्षको लाइन गठबन्धन र सरकार छोड्नु हुन्न भन्ने नै छ । तर बहुमत नेताहरू सरकारलाई बाहिरै बसेर पनि सहयोग गर्न सकिन्छ त्यसो गर्दा पार्टी संगठन पनि बन्छ भन्ने छ', अर्का सचिवालय सदस्यको भनाइ छ ।

नेता नेपालले सरकार र गठबन्धन छोड्न नहुने कुरा सार्वजनिक कार्यक्रमहरूमा समेत आक्कलझुक्कल बताउने गरेका छन् । पार्टीका नेताहरूसँगको आन्तरिक कुराकानीमा पनि अध्यक्ष नेपालले सरकार छोड्नु भन्दा बरु आफ्नो उपस्थिति थप बलियो बनाउनेतिर लाग्नुपर्ने बताउने गरेको नेताहरूको भनाइ छ ।

'राष्ट्रिय सभामा ३ सिट हामीलाई दिने भनिएको थियो तर दुई सिटमात्र भागबन्डामा पर्‍यो । त्यसमा हामीले चित्त बुझायौ । तर अव मन्त्रीहरू हेरफेर गर्दा हामीले थप एक मन्त्री पाउनुपर्ने हुन्छ', अध्यक्ष नेपालको भनाइ उद्धृत गर्दै अर्का नेताले भने, 'राष्ट्रिय सभाको सिट पनि घट्ने, राष्ट्रिय सभाको अध्यक्ष पनि नपाउने हो भने अव हामीले थप एक मन्त्री पाउनैपर्छ । यो कुरा अध्यक्षले प्रधानमन्त्रीलाई पनि प्रस्ट भनिसक्नुभएको छ ।' ती नेताका अनुसार थप एक मन्त्री दिन प्रधानमन्त्री पनि सकारात्मक नै रहेका छन् ।

माघ ११ गते भएको १९ राष्ट्रिय सभा सदस्य पदमध्ये एकीकृत समाजवादीले २ सिट पाएको थियो । प्रधानमन्त्री निकट स्रोतका अनुसार जनमत पार्टी तत्काल सरकारबाट बाहिरिएको अवस्थामा एकीकृत समाजवादीले थप एक मन्त्री पाउने सम्भावना भए पनि जनमत नबाहिरिएको अवस्थामा एकीकृत समाजवादीको माग पुरा गर्न प्रधानमन्त्रीलाई पनि कठिन रहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# जसले भर्खर टाँका लगाएको चोट बिर्सिएर नेपाललाई जिताउन खेले

काठमाडौं/अन्तर्राष्ट्रिय खेलमा कुनै खेलाडी जब मैदानमा उत्रिन्छ, त्यो बेला देशभन्दा ठूलो केही हुँदैन । भोक, निद्रा, चिन्ता र चोट सबै सहन्छ, भुल्छ । देशलाई जिताउन हरप्रयास गर्दछन् । केही सफल हुन्छन्, कोही असफल ।

शुक्रबार राति आईसीसी यू-१९ विश्वकप २०२४ मा नेपालले अफगानिस्तानलाई १ विकेटले हराउँदै सुपर सिक्समा स्थान पक्का गर्‍यो । घाइते अवस्थामा लेग स्पिनर तिलक राजभण्डारी खेल्न नआएको भए नेपालले खेल हार्न पुग्थ्यो । किनभने नेपालको ९ विकेट गएको थियो र, उनी नआउँदा नेपाल अल आउट हुन्थ्यो ।

फिल्डिङ गर्ने समयमा घाइते भएपछि तिलकको दाहिने हातको हत्केला पछाडि दुईवटा टाँका लगाइएको थियो । अफगानिस्तानले दिएको १४६ रनको लक्ष्य पछ्याइरहेको नेपालको ९ विकेट गएपछि उनी मैदान छिरे । उनले कुनै पनि रन जोडेनन्, तर नेपालको जितमा योगदान निकै महत्वपूर्ण दिए ।

दक्षिण अफ्रिकाको बफेलो पार्क इस्ट लन्डनमा टस हारेर नेपालले फिल्डिङको निम्तो पाएको थियो । आकाश चन्दले ५ विकेट लिएपछि नेपाल खेलमा हाबी भयो । तर ८८-८ को अवस्थामा रहेको अफगानिस्तानका कप्तान नसीर खान र फरीदून दाउदजईको साझेदारी तोड्न नेपाली बलरलाई निकै गाह्रो भयो । तिलकले डाइभ हानेर त्यो चौका रोक्न प्रयास गर्नेक्रममा अर्का फिल्डर आकाश त्रिपाठीले दुर्भाग्यबास उनको हातमा कुल्चिन पुगे । दायाँ हातको हत्केला पछाडि चोट लागेसँगै उनले मैदान छाडे । उनको स्थानमा फिल्डिङ गर्न बेन्चबाट विशालबिक्रम केसी आए ।

नेपालका फिजियो पुरन तिरुवा र त्यहाँ भएको मेडिकल टोलीले तिलकलाई नजिकै रहेको क्लिनिकमा लगेर उपचार गराए । उनको हातमा दुई वटा टाँका लगाइयो । उनलाई चिकित्सकले ५-६ दिन नखेल्न सुझाव दिएका थिए ।

यता खेलमा नेपालले जितका लागि १४६ रनको लक्ष्य पायो । धेरै ठूलो स्कोर नभएका कारण एक समयसम्म उनी ब्याटिङमा आउन नपर्ने देखिन्थ्यो । तर अन्त्यतिर देव खनाल र दीपक बोहरालाई गुमाएपछि नेपाली बेन्च दबावमा पर्‍यो । कारण उपचार गराउन गएका तिलक आइसकेका थिएनन् । आइहाल्दा पनि खेल्न सक्छन् वा सक्दैनन् भन्ने अन्यौल पनि थियो । ४४औं ओभरको अन्तिम बलमा आकाश चन्द बोल्ड आउट भए । उपचार गरेर आएका तिलकले हिम्मत देखाए ।

'आधा घण्टा अगाडि उसको हातमा टाँका लगाइएको थियो । डाक्टरले खेल्न नाईं भनेको थियो', यू-१९ का मुख्य प्रशिक्षक जगत टमाटाले संचारकर्मीसँग भने, 'मेन हातमा टाँका लागेको हुँदा के होला भन्ने डर थियो । तर उसले एउटा जोश देखायो, गुरु म खेल्छु भनेर गयो ।'

प्रशिक्षक टमाटाका अनुसार तिलकले राम्रोसँग ब्याट समाउन पनि सकेका थिएनन् । पहिलो बल खेल्दैमा हातबाट रगत बग्न थालेको थियो, तर उनले हिम्मत हारेनन् । ननस्ट्राइकबाट सुवास भण्डारीले आफूलाई विश्वास गर्न भनिराखेका थिए ।

नेपाललाई दुई रन चाहिएको थियो । पहिलो बल स्पिनर अरब गुलले वाइड फ्याले । त्यसपछि लगातार तीन बल डट गरे । चौथो बलमा सुवासले चौका हान्दै खेल जिताए । तिलकले कुनै पनि बल खेलेनन्, तर नेपालको जितमा उनको योगदान महत्वपूर्ण थियो । जोखिम लिएर देशका लागि खेल्ने तिलकको निर्णयप्रति आफू सलाम गर्ने मुख्य प्रशिक्षक टमाटा बताउँछन् । 'म उनको देशप्रतिको समर्पणलाई भित्र मनदेखिनै सलुट गर्छु', उनले भने, 'दुई रन बाँकी थियो । विकेट ९ गएको थियो, पठाउनै पर्‍यो ।

देशका लागि केही गर्न पाएकोमा तिलक पनि खुसी छन् । '(डाक्टरले) टाँका तीन चार दिनमा निकाल्ने भनेको थियो', तिलकले भने, 'खेल्न गएपछि मैले चोटबारे केही नै सोचिन । जसरी पनि देशलाई जिताउनुपर्छ भन्ने मात्र सोचेको थिएँ ।' जितपछि देशको लागि थोरै केही गरे जस्तो लाग्यो । अरु धेरै गर्न बाँकी छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# सर्वाधिक कमाई गर्ने १० साउथ फिल्म, 'बाहुबली २' नै अग्रस्थानमा



एजेन्सी, मुम्बई/पछिल्ला वर्षमा भारतमा साउथ फिल्मको दबदबा देखिएको छ । कुनै बेला बलिउडको छायाँमा परेको साउथ अहिले बलिउडमाथि नै हाबी भइरहेको छ । मेकिङदेखि दृश्यभाषासम्ममा साउथ फिल्म अब्बल बन्दै गएका छन् । र, कमाईमा पनि एकसेएक रेकर्ड बनाउन सफल छन् । केही साउथ फिल्मले बनाएको बक्स अफिस रेकर्ड तोड्न बलिउडलाई समेत ठूलो संघर्ष गर्नुपर्ने देखिन्छ ।

सर्वाधिक कमाई गर्ने साउथ फिल्मको सूचीमा 'बाहुबली २' अग्रस्थानमा छ । एसएस राजामौली निर्देशित यो फिल्मले विश्वव्यापी १८ सय १० करोड कमाएको छ । दोस्रो स्थानमा पनि राजामौलीको फिल्म 'आरआरआर' छ, जसको विश्वभर कमाई १२ सय ३६ करोड छ । यस्तै, यश स्टारर फिल्म 'केजीएफ २'ले तेस्रो स्थान सुरक्षित गरेको छ, जसको विश्वव्यापी कमाई १२ सय करोड हाराहारी छ ।

सर्वाधिक कमाउने साउथ फिल्मको चौंथो स्थान भने प्रभास अभिनीत फिल्म 'सलार'ले बनाएको छ । भारतीय मिडियाका अनुसार, फिल्मले विश्वभरबाट ७ सय करोड जोडिसकेको छ । त्यसैगरी, ६ सय ९९ सय करोड कमाउँदै पाँचौं स्थानमा रजनीकान्त अभिनीत फिल्म 'रोबोट : २.०' छ । एसएस राजामौलीद्वारा निर्देशित फिल्म 'बाहुबली' भने ६ सय ५० करोड कमाईसहित छैटौं स्थानमा छ ।

विश्वव्यापी ६ सय २० करोड कमाई गर्दै सातौं स्थानमा विजय अभिनीत फिल्म 'लीयो' र हँदा रजनीकान्त स्टारर फिल्म 'जेलर' ६ सय ७ करोडको साथमा आठौं स्थानमा छ । त्यस्तै, ५ सय करोड कमाउँदै 'पोन्निन सेल्वान'ले नवौं स्थान सुरक्षित गर्दा ५ सय करोड नै अंक जोडेर कमल हसन स्टारर फिल्म 'विक्रम' दशौं नम्बरमा छ । 'साहो', 'कान्तारा', 'पुष्पा' आदि फिल्मको कमाई पनि उच्च छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# शहीद दिवसको सप्ताहमा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/शहीद सप्ताह अन्तरगत हेटौंडा-११ शहीद स्मारकमा रक्तदान कार्यक्रम गरिएको छ । सप्ताहको चौथो दिन आयोजना गरिएको रक्तदानमा ३३ जना सहभागी भएका छन् ।



शहीद स्मारक विकास समितिले शहीद दिवस सप्ताहब्यापी कार्यक्रम गरी मनाउँदैछ । शनिबार भएको रक्तदान कार्यक्रमबाट ३३ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक तथा नेपाल रेडक्रस सोसाइटी ११ नम्बरका सचिव अञ्जन पौडेलले जानकारी दिए । शहीद सप्ताहको पहिलो दिन १० गते बुद्ध, मायादेवी, ईन्द्र तथा ब्रम्हाको प्रतिमासहितको पार्कको उद्घाटन गरिएको थियो । माघ ११ गते कृषि हस्तकला तथा पर्यटकीय वस्तुको प्रबर्द्धन मेलाको शुभारम्भ, विविध सांस्कृतिक कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान गरिएको छ ।

यसैगरी माघ १२ गते वडास्तरीय नृत्य प्रतियोगिता भएको थियो । आइतबार माघ १४ गते वडास्तरीय वक्तृत्वकला प्रतियोगिता, माघ १५ गते राष्ट्रिय कलाकारको सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण र शिक्षक खुल्ला दौड प्रतियोगिता तथा माघ १६ गते प्रभातफेरी, शहीदप्रति सलामी, श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण, प्रवचन तथा समापन कार्यक्रम हुने शहीद स्मारक विकास समितिले जनाएको छ ।

# ५० घरपरिवारलाई कम्बल वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ चैनपुर जेसीज मनहरीले शनिबार कम्बल वितरण गरेको छ । मकवानपुरको पश्चिमी क्षेत्रका युवालाई समेट्दै स्थापना भएको चैनपुर जेसीजले शनिबार मनहरी गाउँपालिका-५ स्थित शिखरबासमा पुगेर ५० घरपरिवारलाई कम्बल वितरण गरेको हो ।

पोषक ब्रिडर फार्म प्रालि हेटौंडा-१७, हटिया र ओसीबी पैलेट हेटौंडाको सहयोगमा जेसीजले जाडोबाट प्रभावित परिवारलाई कम्बल वितरण गरेको हो । जेसीज अध्यक्ष रविन ढकालका अनुसार वडाको आग्रह अनुसार स्थानीयसँग समन्वय गरी कम्बल वितरण गरिएको हो ।

मनहरी-५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा भएको कम्बल वितरण कार्यक्रममा मकवानपुरका युवा व्यवसायी तथा उद्योग वाणिज्य संघ मकवानपुरका उपाध्यक्ष राजु अधिकारीको विशेष आतिथ्यता रहेको थियो ।

# विज्ञान शिक्षकलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ मकवानपुरका विज्ञान शिक्षकहरुलाई विशिष्टिकरण तथा मूल्यांकनका विषयमा तालिम दिइएको छ । विज्ञान शिक्षक समाज मकवानपुरको आयोजनामा जिल्लाभरिका विज्ञान शिक्षकलाई कक्षा १ देखि १० को विज्ञान विषयको विशिष्टिकरण तालिका तथा मूल्यांकनका विषयमा अभिमूखीकरण तालिम दिइएको हो ।

तालिममा विज्ञान शिक्षक समाजका अध्यक्ष खेमराज लामिछानेले कक्षा १ देखि ३ सम्मको मूल्यांकन प्रक्रिया र विज्ञान शिक्षक समाजका सचिव सुवास खनालले कक्षा ४ देखि १० सम्मको मूल्यांकन तथा विशिष्टीकरण तालिकासम्बन्धी प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला समन्वय समितिका उप्रमुख सानुकाजी लुईँटेलले विज्ञान शिक्षकले समाजको अँध्यारोलाई चिर्न र रुढीवाद हटाउन चेतना बाँढ्नसक्ने हुनुपर्ने बताए । कार्यक्रममा पत्रकार सुरेश श्रेष्ठले शिक्षकले चाहेमा समाज रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने बताए ।

दुई सत्रमा सञ्चालित अभिमूखीकरण कार्यक्रममा जिल्लाका दशवटै स्थानीय तहका ६३ जना शिक्षकले सहभागिता जनाएका थिए । सहभागी तथा प्रशिक्षकलाई प्रमुख अतिथि तथा विशिष्ट अतिथिले प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा सहभागीका तर्फबाट नवोदय शिशुसदनकी अनुष्का श्रेष्ठ र विज्ञान शिक्षक रामकुमार ठाकुरले मन्तव्य राखेका थिए ।

समाजका अध्यक्ष खेमराज लामिछानेको अध्यक्षता, जिल्ला समन्वय समितिका उप्रमुख लुइँटेलको प्रमुख आतिथ्यता तथा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख दिनानाथ गौतमको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा सिद्धार्थ माध्यमिक विद्यालयका प्राचार्य मोहनप्रसाद शर्मा र पेन्टागन एकेडेमीका सञ्चालक गोविन्द चौलागाईंको आतिथ्यता रहेको थियो ।

# क्याम्पाडाँडामा ज्ञानमहायज्ञको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ हेटौंडा उपमहानगरपालिका-७ क्याम्पाडाँडामा श्रीमद् भागवत सप्ताह ज्ञानमहायज्ञ हुने भएको छ । फागुन ४ गतेबाट सुरु हुने महायज्ञ १२ गतेसम्म सञ्चालन हुने महायज्ञ मुल समारोह समितिका संयोजक प्रकाश पौडेलले बताए ।



महायज्ञमा एक हजार ८ स्वामी देवराज आचार्य र अच्युत प्रपन्नाचार्य स्वामीले कथा वाचन गर्ने भएका छन् । श्रीराम पाञ्चायन धाम नेपालको आयोजनामा हुन लागेको महायज्ञमा प्रकाश पौडेलको संयोजकत्वमा मूल समारोह समिति गठन गरी आवश्यक तयारीका लागि अघि बढिएको जनाइएको छ ।

महायज्ञमा २५ लाख खर्च हुने अनुमान आयोजकको रहेको छ भने एक करोड ५० लाख दान संकलन हुने अपेक्षा राखिएको छ । महायज्ञ पश्चात मन्दिर स्थापना गर्नुका साथै मन्दिर परिसरमा वाचनालय निर्माण, भोजनालय निर्माण गरिने संयोजक पौडेलले बताए ।

# वक्तृत्वकलामा सपना प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/शहीद सप्ताहअन्तर्गत हेटौंडा-११, स्थित शहीद स्मारकमा आयोजना गरिएको वक्तृत्वकलामा सपना बर्तौला प्रथम भएकी छिन् ।

मदन भण्डारी फाउन्डेसन मकवानपुरको ब्यबस्थापनमा शहीद स्मारक विकास समितिले शहीद दिवसको अवसरमा शनिबार आयोजना गरेको वक्तृत्वकलामा हेटौंडा-१९ की बर्तौला प्रथम भएकी हुन् । कार्यक्रममा हेटौंडा-५ की आकाङ्क्षा निरौला द्वितीय, हेटौंडा-४ की दर्शना सापकोटा तृतीय भइन् । हेटौंडा-९ की अभिप्सा पौडेलले सान्त्वना भइन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना भइ उनीहरुले क्रमश: १० हजार, ७ हजार, ५ हजार र १ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् ।

वक्तृत्वकलाका लागि १६ जनाले सहभागिता जनाएका थिए । घनश्याम घिमिरे, भावना सपकोटा र अमृत बर्तौला निर्णायकमा रहेका थिए । कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री तथा शहीद स्मारक विकास समितिका अध्यक्ष डोरमणि पौडेलले शहीदका सपना साकार पार्न सबैको भूमिका अपरिहार्य रहने बताए । कार्यक्रमका सहभागीलाई शनिबार नै प्रमाणपत्र वितरण गरिएको थियो भने बिजेतालाई माघ १५ गते पुरस्कार सहित प्रमाणपत्र बितरण गरिने आयोजकले जानकारी दिएको छ ।

# २१ जनाले गरे हेटौंडामा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/रगतको अभाव खड्किदै गइरहेको समयमा हेटौंडामा आयोजित रक्तदान कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् । शनिवार मकवानपुर घरजग्गा व्यवसायी संघको पहिलो विशेष साधारणसभाको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा २१ जनाले रगत दिएका हुन् ।



रक्तदान गर्नेमध्ये घर जग्गाको कारोबार गरिरहेका हेटौंडा-९ का व्यवसायी रमेश गेलाल र उनका श्रीमती ससिता दंगालले आफ्नो १२ औं बैवाहिक बर्षगाँठको सन्दर्भमा कार्यक्रममा पहिलो रक्तदान गरेका थिए । घरजग्गा व्यवासयी संघ मकवानपुरको अध्यक्ष कमलराज मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा आफ्नो धारणा राख्दै महासंघ मकवानपुरका अध्यक्ष गौतमले संघले थालेको समाजिक कामको प्रशंसा गर्दै फरक पहिचानका लागि यस्ता काम गर्न जरुरी रहेको बताए ।

संघका उपाध्यक्ष पवनराज तिमल्सिनाले स्वागत गरेको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट, कपडा तथा तयारी पोशाक व्यवसायी संघका अध्यक्ष नेत्रप्रसाद खतिवडा, हेटौंडा उपमहानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष रबिन्द्र घिमिरे, घरजग्गा व्यवसायी संघका सल्लाहकार हेमप्रसाद अधिकारीको आतिथ्यता रहेको थियो ।

# जीबी राईविरुद्ध इन्टरपोलमा डिफ्यूजन नोटिस जारी

काठमाडौं, १३ माघ/ सहकारी ठगीका आरोपी जीबी राई विरुद्ध इन्टरपोलमा डिफ्यूजन नोटिस जारी भएको छ ।



सूर्यदर्शन सहकारीसँग जोडिएको ठगी सम्बन्धी मुद्दामा डिफ्यूजन नोटिस जारी गरिदिन भन्दै जिल्ला प्रहरी कार्यालय, कास्कीले केहीअघि प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको थियो । त्यसको आधारमा इन्टरपोलको नेशनल सेन्ट्रल ब्यूरो (एनसीबी) काठमाडौंले डिफ्यूजन नोटिस जारी गर्न इन्टरपोलको महासचिवालायलाई अनुरोध गरेको केन्द्रीय प्रहरी प्रवक्ता डीआईजी भीमप्रसाद ढकालले बताए ।

'दुई साताअघि नै डिफ्यूजन नोटिस जारी गर्ने विषय प्रक्रियामा गइसकेको थियो', उनले भने । प्रहरीले सूर्यदर्शन सहकारीका वर्तमान अध्यक्ष थानबहादुर बुढामगर र पूर्वअध्यक्ष भुपेन्द्र राईविरुद्ध पनि डिफ्यूजन नोटिस जारी गर्न सिफारिस गरेको छ । यद्यपि, इन्टरपोलमा नोटिस जारी भइसकेको छैन ।

यो नोटिस जारी भएपछि इन्टरपोलका सदस्य राष्ट्र मुलुकहरुमा चलाउने भएको वा नभएको लोकेट हुनेछ, त्यसपछि उनलाई डिपोर्ट गराएर नेपाल ल्याउने प्रक्रिया थालिने प्रहरीले जनाएको छ । राई मलेसियामा रहेको आशंका छ । उनी त्यहाँ आएको पुष्टि भए त्यसपछि डिपोर्ट गरेर ल्याउने प्रक्रिया अघि बढ्ने एक प्रहरी अधिकृतले बताए ।

सहकारीका बचतकर्ताले जम्मा गरेको रकम हिनामिना गरेको आरोपमा कोषाध्यक्ष कुमार रम्तेललाई भने कास्की जिल्ला अदालतले गत असोज २१ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश गरेको थियो । यो मामलामा उपाध्यक्ष कैलाशकुमार दर्लामी, सदस्य शिवबहादुर गुरुङ र भगिश्वर अर्याल पनि पक्राउ परेर पुर्पक्षका लागि थुनामा रहेको कास्की प्रहरीले जनाएको छ ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा प्रहरीले जीबीसहित १९ जनालाई पक्राउ पुर्जी जारी गरेको थियो । तीमध्ये १५ जना फरार छन् । सूर्यदर्शनका पदाधिकारीले बचतकर्ताको १ अर्ब ११ करोड ३४ लाख ४३ हजार ४५ रुपैयाँ हिनामिना गरेको जाहेरीमा उल्लेख छ । उनीहरुलाई सहकारी ऐन अनुसार बिगो बराबरको जरिवाना र ८ देखि १० वर्ष कैद सजायको माग गरिएको छ ।

सूर्यदर्शनबाट जीबी राई समूहले नक्कली सेयर सदस्य र विभिन्न कम्पनी कडा गरेर पैसा निकालेर अपचलन गरेको प्रहरीले बुझाएको प्रतिवेदनमा उल्लेख छ ।

सहकारीका सञ्चालक तथा पदाधिकारीले कृत्रिम सेयर सदस्य र खाता खोलेर रकम अपचलन गरेको, सहकारीको नाममा कुनै पनि सम्पत्ति नराखी व्यक्तिको नाममा गरेको देखिएको प्रहरीको निश्कर्ष छ ।

*(स्रोत: अनलाइनखबर)*

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना